# स्थानीय राजपत्र

पथरी शनिश्चरे नगरपालिकाद्वारा प्रकाशित

खण्ड ७) पथरी, वैशाख ११ गते २०८० साल (अतिरिक्ताङ्क १

# भाग २

पथरी शनिश्चरे नगर कार्यपालिकाको कार्यालयको सूचना

## पथरी शनिश्चरे नगरपालिका अनौपचारिक श्रमिक हित व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८०

पथरी शनिश्चरे नगरपालिका अनौपचारिक श्रमिक हकहित व्यवस्थापन कार्यविधि, २०७८ लाई संशोधन गर्न वान्छनीय भएकोले, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ को अधिकार प्रयोग गरी स्थानीय सरकारले देहायको नियमहरु वनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "पथरीशनिश्चरे नगरपालिका अनौपचारिक श्रमिक हित व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय सरकारवाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

**२. मूल कार्यविधिको दफा ७ (२) (क) मा संशोधनः-**

पथरी शनिश्चरे नगरपालिका अनौपचारिक श्रमिक हित व्यवस्थापन कार्यविधि, २०७८ को दफा ७ (२) (क) मा देहाय वमोजिम संशोधन गरिएको छ-प

कोष संचालनको लागि नेपाल राष्ट्र वैंकवाट ईजाजतप्राप्त (क) वर्गको वैंकमा छुट्टै खाता खोलि प्रमुख प्रशासकिय अधिकृत र लेखा अधिकृतको संयूक्त दस्तखतमा संचालन हुने सट्टामा श्रमिक हित व्यवस्थापन समितिका अध्यक्ष र नगरपालिका क्षेत्र भित्र रहेका श्रमिक क्षेत्रको हक, अधिकार र विकासको क्षेत्रमा क्रियाशील आधिकारिक ट्रेड युनियनका एक महिला समेत दुई जना गरी तीन जानको संयुक्त दस्तखतवाट खाता संचालन भए पनि अध्यक्ष र दुई मध्ये एक सदस्यको दस्तखतबाट चेक रकम भुक्तानी हुनेछ।

स्वीकृत मितिः २०८०।०१।११

आज्ञाले,

लक्ष्मी प्रसाद खरेल

प्रमुख प्रशासकीय अधिकृत (उपसचिव)

२०८०/०१/१५